मिति २०७९/०६/०७

निर्णय नं. १

विरुवा गाउँपालिका क्षेत्रभित्रका बर्षाको कारणले अबरुद्ध भएका ग्रामिण सडकहरुको मर्मतसम्भारका लागि तपशिल सडकहरुमा प्राविधिक ईस्टिमेटका आधारमा डोजर प्रयोग गरी सरसफाई गर्ने र अन्य सडकहरुमा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार ब्यात्तिहरुलाई दैनिक ज्यालादारीमा काम लगाई सरसफाई गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपशिल :

अर्चले देखी झाँगडी जाने बाटो, विरुवा २
जोगीचौर धोबादी मोटरबाटो, विरुवा ३
खाली जलकेनी मोटरबाटो, विरुवा ३
खुदी घोप्टे मोटरबाटो, विरुवा ४
वडा कार्यालय रहखोला मोटरबाटो, विरुवा ५
लेवा आमडाँडा मोटरबाटो, विरुवा ६
धनुवासे बलेउ सुरुङ मोटरबाटो, विरुवा ६ र ७
मिर्दी भोर्ले मोटरबाटो, विरुवा ७
गमडाँडा लमडाँडा मोटरबाटो, विरुवा ७
मनकामना मन्दिर जाने बाटो, विरुवा ७
गैरीस्वारा मेथाभुरुङ मोटरबाटो, विरुवा ८
ललाङ स्यालडाँडा मोटरबाटो, विरुवा ८

निर्णय नं. २

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश अन्तर्गत संचालित मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ अनुसार चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को अनुसूची १ बमोजिमको ढाँचामा परियोजना छनोट गरी अवधारणापत्र पेश गर्ने र नियमानुसार उक्त परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने रकम गाउँपालिकाको तर्फबाट साझेदारी गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ३

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश अन्तर्गत संचालित मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को दफा १० (क) अनुसार तपशिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सर्बसहमतिले निर्णय गरियो।

मिति २०७९/०६/०७

तपशिल :

संयोजक : आर्थिक बिकास समितिको संयोजक

सदस्य : परियोजना लागु हुने वडाको वडाअध्यक्षमध्येबाट अध्यक्षले तोकेको एक जना

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : परियोजनाको प्रकृति अनुसार प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखा प्रमुख

सदस्य सचिब : योजना शाखा प्रमुख

**निर्णय नं. ४**

विरुवा गाउँपालिका वडा नं १ मा निर्माण सम्पन्न भएको कृषिउपज संकलन केन्द्र संचानलका लागि प्रस्ताव आव्हान गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ५**

विरुवा गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा संचालित स्वास्थ्य प्रयोगशाला बाट प्रदान गरिने सेवा निशुल्क रुपमा प्रदान गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ६**

विरुवा गाउँपालिका क्षेत्रभित्रका सामुदायिक बिधुत उपभोक्ता समितिद्धारा वितरित बिधुत High Tension Line नजिक रहेका जोखिमयुक्त रुख कटानीका क्रममा भएको एकमुष्ठ खर्च रकम रु ४८०००/- विपद व्यावस्थापन/प्रकोप नियन्त्रण खर्च शिर्षकबाट मनकामना सामुदायिक बिधुत उपभोक्ता समितिलाई भुक्तानी दिने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ७**

विजयादशमी, शुभ दिपावली तथा छठपर्व २०७९ को उपलक्ष्यमा विरुवा गाउँपालिका कार्यालयको आयोजनामा २०७९/०६/१३ गते शुभकामना आदानप्रदान कार्यक्रम गाउँपालिका कार्यालयमा संचालन गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ८**

प्रदेश सरकारबाट आ.ब. २०७९/८० का लागि बजेट बिनियोजित स्याङ्जा जिल्ला प्रदेश क्षेत्र नं. १(क) को रणनीतिक सडक घुम्ती ज्यामीरे खाली विरुवा बेलघारी मेथाभुरुङ एलादि रत्ने सडक, विरुवा गाउँपालिका वडा नं. ६ स्थित गैरी घाट मोटरेवल पुल र विरुवा गाउँपालिका

मिति २०७९/०६/०७

वडा नं. ८ स्थित **ओतर्के खोला मोटरवेल पुल** निर्माण योजनालाई बहुबर्षे योजनाको रुपमा समावेश गरिदिनका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ९

विरुवा गाउँपालिका अन्तर्गत कार्यरत प्राविधिक कर्मचारिहरुलाई दिईदै आएको तपशिल बमोजिमको फिल्ड भत्तालाई २०७९/०४/०१ गतेदेखी लागु हुनेगरी निरन्तरता दिने सर्बसहमतिले निर्णय गरियो।

तपशिल :

ईन्जिनियर – मासिक रु १००००/-
सब-ईन्जिनियर – मासिक रु ८०००/-
असिस्टेन्ट सब-ईन्जिनियर – मासिक रु ६०००/-

निर्णय नं. १०

नबौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत स्याङ्जा जिल्लाको वालिङ खेलमैदानमा संचालन हुने महिला राष्ट्रिय फुटबल प्रतियोगिताको लागि जिल्ला समन्वय समितिमा मिति २०७९/०६/०४ गते बसेको जि.स.स. पदाधिकारी र स्थानिय तहका प्रमुखको संयुक्त बैठकको निर्णय बमोजिम रु १०००००/- ( अक्षेरुपी एक लाख रुपैया मात्र) जिल्ला खेलकुद बिकास समितिलाई विविध खर्च शिर्षकबाट भुक्तानी दिने सर्बसहमतिले निर्णय गरियो।